कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
खरिद तथा जिन्सी उपशाखा

Google Plus Code
6M2Q+5V7 Kohalpur

प.सं.:२०८१/०८२
च.नं.:

**राष्ट्रिय दैनिक पत्रिकामा सूचना एंव बिज्ञापन प्रकासन गर्ने सम्वन्धी**
**सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना**
**(प्रथम पटक प्रकाशित मिति : २०८१/०४/१६)**

यस कोहलपुर नगरपालिकाको बिभिन्न सूचनाहरु राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नका लागी राष्ट्रिय स्तरका दैनिक पत्रिकाहरु बीच प्रतिस्पर्धा गरी सबै भन्दा बढी छुट कबोल गर्ने वा न्युनतम दर कबोल गर्ने बिज्ञापन एजेन्सी बाट सूचना प्रकाशनको कार्य गर्नु पर्ने भएकोले सो सम्वन्धि कार्य गर्नका लागी ईजाजत प्राप्त ईच्छुक बिज्ञापन एजेन्सीले तपशिलको कागजपत्र सहित यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र सिलबन्दी दररेट पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिलः</u>

१. सिलबन्दी दरभाउपत्र साथ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,व्यवसाय दर्ताको प्रमाणपत्र प्रतिलिपि, आ.ब.०७९/०८० को कर चुक्ताको प्रमाणपत्र प्रतिलिपि, प्यान/भ्याट दर्ता लगायतका आवश्यक कागजात पेश गर्नु पर्ने ।

२. सिलबन्दि दरभाउपत्र पेश गर्ने फर्म तथा व्यवसायीले दररेट प्रस्ताव फाराम(BOQ) यस कार्यालयको वेबसाइट www.kohalpurmun.gov.np बाट download गर्न सकिनेछ BOQ साथ रु१,००० (अक्षरुपी एक हजार रुपैयाँ मात्र) यस नगरपालिकाको कृषि बिकास बैंकमा रहेको खाता नं ०७२०५०१०००२३५२१७ मा दाखिला गरेको सक्कल भौचर संलग्न गर्नुपर्ने छ र उक्त रकम फिर्ता हुने छैन।

३. नियमानुसार सूचना प्रकाशित भएको मितिले १५(पन्ध्रौ) दिन (मिति २०८१/०४/३० गते) कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालयमा दररेट पेश गरी सक्नुपर्नेछ ।यसरी दर्ता हुन आएका प्रस्तावपत्र १६(सोहौं) दिनको १ बजे प्रस्तावपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्तावपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्तावपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

४. दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु ६०,००० ( अक्षरुपी साठी हजार रुपैयाँ मात्र) यस नगरपालिकाको कृषि बिकास बैंकमा रहेको खाता नं ०७२०५०१०००२३५२१७ मा दाखिला गरेको सक्कल भौचर वा ७५ दिन अवधि भएको कार्यसम्पादन जमानत सिलबन्दी प्रस्ताव साथ पेश गर्नुपर्ने छ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्तावहरुलाई स्वीकृत गरिनेछैन ।

६. प्रस्ताव पेश गर्ने फर्म/ बिज्ञापन एजेन्सीहरुले पेश गरेको दररेट मध्ये सबैभन्दा कम दररेट पेश गर्ने बिज्ञापन एजेन्सीको दररेट स्वीकृत गरिनेछ ।दररेट स्वीकृति गर्ने/नगर्ने अधिकार नगरपालिकामा नीहित हुनेछ।

७. यस सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

.....................
धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, store.admin@kohalpurmun.gov.np
+९७७-०८१-५४०००१
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
www.twitter.com/kohalpurmun

CamScanner

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## बिल अफ क्वान्टिटिज (BOQ)

| सि.नं. | पत्रपत्रिकाको नाम | प्रति सिसि मुल्य | छुट | |
|---|---|---|---|---|
| | | | प्रति सिसि प्रतिशत अंकमा | प्रतिशत अक्षरमा |
| १. | गोरखापत्र राष्ट्रिय दैनिक | | | |
| २. | कान्तिपुर राष्ट्रिय दैनिक | | | |
| ३. | नागरिक राष्ट्रिय दैनिक | | | |
| ४. | अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक | | | |
| ५. | राजधानी राष्ट्रिय दैनिक | | | |
| ६. | नयाँ पत्रिका राष्ट्रिय दैनिक | | | |
| ७. | बाँके जिल्लामा दैनिक प्राप्त हुने एवं जिल्लामा व्यूरो कार्यालय वा सम्पर्क कार्यालय भएका सार्वजनिक खरिद ऐन एंव नियमावली बमोजिम बोलपत्रको सूचना प्रकाशन गर्न मिल्ने राष्ट्रिय स्तरका दैनिक पत्रिका (सो दुवै विषयको प्रमाण अनिवार्य संलग्न हुनुपर्ने अन्यथा मुल्यांकनमा समावेश नगरिने) | | | |
| | (क) | | | |
| | (ख) | | | |
| | (ग) | | | |

नोटः नियमानुसारको तेस्रो पक्ष विल समेत पेश गरि बिल अफ क्वान्टिटिज (BOQ) मा सबैभन्दा बढी प्रतिशत छुट कबुल गर्ने एउटा मात्र मिडिया एजेन्सी र पत्रिकाको दरभाउपत्र स्वीकृत गरिनेछ ।

कुनै दुईवटा प्रत्रिकामा वा फर्मले बराबर छुट कबुल गरेको खण्डमा सो फर्मको अघिल्लो आर्थिक वर्षको कारोबार कर चुक्ता प्रमाण पत्रको आधारमा हेरी सबैभन्दा बढी कारोबार गरेको फर्म स्वीकृत गरिनेछ ।

**पेश गर्नेको नामः-**
**अधिकारीक छाप दस्तखत र मितिः-**
**सम्पर्क नम्बरः-**

CamScanner